## श्री ५ को सरकार

# वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी नियमहरू, २०३४ को नियम २ (घ) को प्रयोजनको लागि देहायबमोजिमको काम गर्न सक्ने गरी कलकत्तास्थित शाही नेपाली महावाणिज्यदूतावासका महावाणिज्यदूतलाई निकासी पैठारी नियन्त्रक तोकेको छ ।

(क) कलकत्ता पोर्टमा आई पुगी सकेका वस्तुहरूको लागि आयात इजाजतपत्रमा दिइएको म्याद नपुग भएमा सो म्याद बढीमा ३ महिनासम्म थप गर्ने ।

(ख) आयात इजाजतपत्रमा उल्लिखित मूल्य विदेशी मुद्राको सटही दरमा भइरहने परिवर्तनको कारणले नपुग हुन आएमा नेपाली मुद्रामा मूल्य संशोधन गर्ने ।

(ग) आयात इजाजतपत्रमा उल्लिखित नेपालको भन्सार विन्दुलाई आवश्यकता अनुसार संशोधन गर्ने ।

(घ) आयात इजाजतपत्रमा आवश्यकतानुसार देश संशोधन गर्ने ।

(ङ) आयात इजाजतपत्रको मूल्यमा बढीमा ५ प्रतिशतसम्म थप संशोधन गर्ने र सोको जानकारी वाणिज्य विभाग र नेपाल राष्ट्र बैङ्कलाई दिने ।

(च) निकासी इजाजतपत्रमा उल्लिखित मूल्यमा १० प्रतिशतसम्मको मूल्य थप गर्ने र मूल्यमा थप गरेको जानकारी वाणिज्य विभाग र नेपाल राष्ट्र बैङ्कलाई दिने ।

(छ) निकासी इजाजतपत्रमा उल्लिखित मुलुकहरूमा आवश्यक परेमा प्रचलित नीति अनुसार अरू मुलुकहरू थप गर्ने ।

(ज) कलकत्ता पोर्टमा आइसकेका सामानहरूको नाममा सामान्य फरक परेमा वा वस्तुको साथ प्रचारका सामानहरू पठाइएमा अथवा सामानमै जडान भई आउने जडानका वस्तुहरू (जस्तो कारमा जडान भएका कार क्यासेट आदि) को उल्लेख हुन छुट भएमा थप संशोधन गर्ने ।

(झ) महावाणिज्यदूतले पाएको उपर्युक्त अधिकार निजले तोकेको अन्य अधिकृतले पनि प्रयोग गर्न पाउने व्यवस्था गर्ने ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
९८२